# जोखिम हस्तान्तरण मार्गदर्शन, २०७८

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा,

बागमती प्रदेश, नेपाल

## १. परिचय

नेपालको  कमजोर भौगर्भिक तथा भू- धरातलीय अवस्था, मौसमी विषमता, जलवायू परिवर्तन, बढ्दो अव्यवस्थित शहरीकरण, पूर्वाधार विकास एवम् जोखिम असंवेदनशील विकास निर्माण कार्य तथा बिपद्प्रतिको सचेतनाको कमी लगायतका कारण उत्पन्न बिभिन्न प्राकृतिक तथा गैरप्राकृतिक बिपद्को संवेदनशिलता उच्च रहेको छ । यसरी प्राकृतिक तथा मानव सृजित क्रियाकलापहरुका कारण बिभिन्न खालका बिपद् जोखिमका घटनाहरु भइरहने र यस्ता घटनाहरुबाट मानव जीवन तथा सम्पत्तिको क्षति हुने अवस्था बिद्यमान छ । क्षति हुनु अगावै पूर्व सावधानी अपनाउनु, घटनाको समयमा तत्काल प्रभावितलाई उद्धार गर्नु र क्षति पश्चात पूर्नलाभ एवं पूनर्निर्माण मार्फत पूर्व कै अवस्थामा ल्याउन आबश्यक हुन्छ । बिपद् अगावै गरिने जोखिम न्यूनीकरणमा थोरै लगानी गरी बिपद्बाट हुने ठूलो क्षति कम गर्न सकिन्छ । जसबाट बिपद् पश्चातका खोज, उद्धार, राहत, पुर्नस्थापना, पुननिर्माण र पुर्नलाभमा गर्नैपर्ने खर्च जोगाउन सकिन्छ भन्ने कुरा बिभिन्न अध्ययनहरुबाट प्रमाणित भैसकेको छ । पछिल्लो बर्षहरुको अनुभवमा बिपद्का कारण कूल ग्राहस्थ्य उत्पादनको बार्षिक औषत ०.८८ प्रतिसत क्षति हुने गरेको छ  (नेपाल विपद् प्रतिवेदन २०१९) बि.स. २०७२ को विनासकारी भूकम्प, २०७४ को बाढी र २०७६/२०७७ र २०७७/७८को कोभिड १९ ले राष्ट्रिय अर्थतन्त्रमा ठूलो क्षति पुऱ्याएको छ । यी क्षतिहरु मध्ये कतिपय क्षतिको जोखिमलाई बीमाका माध्यमबाट जोखिमको दायित्व हस्तान्तरण गरी आर्थिक पुर्नभरण गर्न सकिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी आवश्यक जिम्मेवारीहरु तोकेको छ । नेपालमा विकास प्रयासको आवधिक योजनाहरु मध्ये दशौं योजनादेखि हाल सञ्चालित पन्ध्रौ योजनासम्म हरेक योजनाहरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई विकास निर्माणका कार्यक्रमहरुमा मूलप्रवाहीकरण गरिदै आएको छ ।

राष्ट्रसंघीय बिपद् जोखिम न्यूनीकरण कार्यक्रमको पहलमा सन् २०१५ मा जापानको सेण्डाईमा भएको सम्मेलनबाट पारित गरी विश्वका सबैजसो देशहरुले सर्मथन जनाएको बिपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यसंरचना अनुरुप नेपालले बिपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ र बिपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८–२०३० ), स्वीकृत गरी कार्यान्वयन गरिरहेको छ । यी नीतिको दफा ७.३५ देखि क्रमश: ७.४० सम्म र रणनीतिक कार्ययोजनाको अध्याय (६) प्राथमिकताका रणनैतिक क्रियाकलापहरुमा   मा बिपद् व्यवस्थापनका लागि उपयुक्त बित्तिय संरचना र उपायहरु अवलम्बन गरिने प्रावधान रहेको छ । त्यस्तै कृषि विकास रणनीति (२०७२–२०९२) मा बिपद उत्थानशील बनाउन मौसम तथा जलवायु पूर्वसूचना प्रणालीको स्थापना, सुख्खा र पानी खप्न सक्ने जातको बालीको लागि अनुसन्धान, किसान कल्याणकारी कोषको स्थापना र कृषि बीमाको प्रर्बधन जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने प्रावधान रहेको छ ।

भीमेश्वर नगरपालिकाबाट पनि विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा धेरै प्रयासहरु भएका छन् । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई केन्द्रमा राखी जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७६, विपद जोखिम न्यूनीकरण नीति, विपद जोखिम न्यूनीकरण रणनैतिक कार्ययोजना (२०२१-२०३०), नगरपालिका स्तरीय आपतकालिन पुर्वतयारी तथा प्रतिकार्य योजना २०७७, आपतकालीन कार्य सचालन केन्द्रको कार्य सचालन कार्यविधि २०७७ को निर्माण गरी कानुनी आधारहरु तयार गरिएका छन् । त्यसैगरी नगर स्तरीय विपद जोखिम व्यवस्थापन समिति, वडा स्तरीय विपद जोखिम व्यवस्थापन समिति, विषयगत समिति अर्न्तगत वन वातावरण तथा विपद व्यवस्थापन समिति जस्ता संरचना निमाण भइ कार्यान्वयन भइरहेका छन् । त्यसै गरी विपद व्यवस्थापन कोषको स्थापना र सञ्चालन, स्वयसेवकको लागि क्षमता विकास तालिम र स्वयमसेवक परिचालन मार्गदर्शन पारित गरिएको छ । अग्नि नियन्त्रणको लागि दमकलको व्यवस्था, दमकलमा पानी भर्नको लागि पानी ट्यांकीको व्यवस्था बजार क्षेत्रमा अग्नि नियन्त्रणको लागिफायर हाण्ड्रेनट जडान जस्ता कार्यहरु भएका छन् ।

भीमेश्वर नगरपालिका क्षेत्रभित्र पहिरोजन्य विपद जोखिमका आधारमा क्रमशः वार्ड न.९, १, २, ५, ६,७, ८, ३ र ४ जोखिमयुक्त मानिएको छ । यस क्षेत्रमा विपद जोखिमका घटनाहरु मध्ये भूकम्प, आगलागी, पहिरो, चटयाङ प्रमुख रहेका छन । बिपद जोखिम न्यूनीकरण तथा व्यबस्थापन कार्यक्रममा सहयोग गर्ने बिभिन्न सरकारी,गैरसरकारी संघ संस्थाहरु रहेका छन । यस नगरपालिकाले बिपद् जोखिम न्यूनीकरण तथा व्यबस्थापन कार्यनीति समेत निर्माण गरिसकेको छ । नगरपालिका क्षेत्रमा १०२५५ घररहरु रहेका छन् जसमा .......................किसिमका घरहरु रहेका छन् । नगरपालिका क्षेत्रमा विगत तीस वर्षको तथ्याङ्क हेर्दा विपदजन्य घटनाबाट १०६ जनाको मृत्यु भएको .विपदबाट ...विपदबाट ... गरी कुल .....घर नोस्सानी भएको नगरपालिकाको तथ्यांकबाट जान्न सकिन्छ ।

नगरपालिकामा विपद् जोखिम न्यूनीकरण गरी उत्थानशीलता बृद्धि गर्न विमा मार्फत जोखिम हस्तान्तरण र सो सम्बन्धमा क्षमता अभिबृद्धि गर्न आवश्यक भएको हुँदा भीमेश्वर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी जोखिम हस्तान्तरण मार्गदर्शन तयार गरिएको छ ।

## २ मार्गदर्शन निर्माण प्रक्रिया

जोखिम हस्तान्तरण मार्गदर्शन निर्माण गर्नका लागि भीमेश्वर नगरपालिकाले कार्यशाला गोष्ठी संचालन गरी गोष्ठीबाट प्राप्त सुझावहरुलाई समेत समावेश गरी यो मार्गदर्शन तयार गरेको छ। उक्त कार्यशालाहरुमा वडाहरुमा लक्षित समुहहरु, उद्योग बाणिज्य संघका प्रतिनिधि, साना तथा मझौला उद्योगी व्यवसायीहरु, बीमा कम्पनीका प्रतिनिधीहरु, स्थानीयतहमा कार्यरत कृषि ज्ञान केन्द्रका प्रतिनिधी लगायत नगरकार्यपालिकाका पदाधिकारी र कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## ३ मार्गदर्शनका उद्देश्यहरु

यस मार्गदर्शनको मुख्य उद्देश्य जोखिम हस्तान्तरणमार्फत स्थानीय तहमा बढी जोखिममा रहेका समुदायहरुको संकटासन्नता कम गर्दै समुदायको उत्थानशीलता अभिवृद्धि गर्ने रहेको छ। अन्य उद्देश्यहरु यसप्रकार रहेका छन्:

(क) विपद् जोखिम विश्लेषणबाट पहिचान भएका घरधुरीलाई निर्जिवन बीमा कार्यक्रममा सहभागी गराई जोखिम हस्तान्तरण गर्ने।

(ख) नगरपालिकामा जोखिम हस्तान्तरणका लागि उपयुक्त आधार र प्रकृया निर्धारण गर्ने।

ग) नगर क्षेत्रभित्रका विपद जोखिममा रहेका समुदायलाई स्वास्थ्य बीमा, कृषि बीमा र निर्जिवन बीमा मार्फत जोखिम हस्तान्तरणका लागि सचेतना अभिबृद्धि गर्ने।

(घ) लघुबीमा तथा अन्य बीमा कार्यक्रमको पहुँच बिस्तार गर्नकालागि निजी क्षेत्रसंग समन्वय र सहकार्य गर्ने।

## ४ क्रियाकलापहरु

उल्लेखित उद्देश्य हासिल गर्नको लागि देहायको क्रियाकलापहरु सञ्चालन गरिने छ :

क) नगरपालिकामा बसोवास गर्ने निम्न आय भएका, जोखिम उन्मुख समुदायको बीमामा पहुँचका लागि जनचेतना अभिबृद्धि गराउने ।

ख) बिभिन्न बीमा सेवाको माध्यमबाट जोखिम हस्तान्तरण प्रकृयाहरुको बारेमा समुदायमा जानकारी गराउने।

ग) निम्न आय भएका ,जोखिम उन्मुख समुदायकाको पहिचान गरी विपद जोखिम न्यूनिकरणको लागि जोखिम हस्तान्तरण अर्न्तगत बीमा योजनामा सहभागी गराउने ।

घ) जोखिम हस्तान्तरणका लागि भएका राम्रा प्रयास एवम् सिकाईहरुको आधारमा सोको अनुसरण र अनुभवको आदान प्रदान गर्ने ।

ङ.) अति विपन्न घर पहिचानको आधार र प्रकृया निर्धारण गर्ने ।

च) नगरपालिकाका सबै घर परिवारलाई बीमा मार्फत जोखिम हस्तान्तरण गराउन विमा कम्पनीहरुसँग समन्वय एवं सहकार्य गर्ने ।

छ) अव्यवस्थित तवरबाट भैरहेको शहरीकरणका कारण उत्पन्न बिपद् जोखिम न्यूनीकरणका लागि जोखिम हस्तान्तरण बिधिहरु बारे स्पस्ट गर्ने ।

ज) बिपद् जोखिम न्यूनीकरण र ब्यबस्थापनका बारेमा नेपाल सरकारबाट भएका असल प्रयासहरु, सरकारको नीतिबारे जानकारी गराउने ।

झ) जोखिम हस्तान्तरणको लागि संचालित स्वास्थ्य बीमा, कृषि बीमा र पशु बीमाको विस्तारको लागि विभिन्न बीमा कम्पनी तथा प्रतिनिधिहरु मार्फत सचेतना अभिबृद्धि गर्ने

**५. जोखिम हस्तान्तरण**

प्रकोप र त्यसको सम्मुखताबाट सृजित मानवीय, आर्थिक, सामाजिक, वातवरणीय लगायत क्षतिको अनिश्चिततताको अवस्थालाई जोखिमको रुपमा लिन सकिन्छ । यस्ता जोखिमहरुलाई त्याग्ने वा छोड्ने, जोखिम कम गर्ने , जोखिम बाड्ने वा हस्तान्तरण गर्ने र जोखिम स्वीकार गर्ने जस्ता चार प्रकारका विकल्पहरुमार्फत व्यवस्थापन गर्न सकिन्छ। उल्लेखित विकल्पहरुमध्ये जोखिम व्यवस्थापनको दृष्टिकोणबाट जोखिमलाई हस्तान्तरण गर्ने प्रयोजनार्थ यो मार्गदर्शन तयार गरिएको छ ।

प्रकोप (बाढी, पहिरो, खडेरी, भुकम्प, आगलागी, शीतलहर, सुख्खा पहिरो,चट्यागं हुरीबतास आदि) बाट सृजित बिपद् जोखिम( मृत्यु, अंगभंग, आगलागी, चोरी तथा अन्य कारणबाट सम्पत्तिको क्षति, पशु पन्छीको क्षति बालीनालीमा हुने क्षति, मानव स्वास्थ्यमा आईपर्ने गम्भिर रोग सम्बन्धि जोखिम, मानवीय र प्रकोपबाट हुने दुरगामी क्षति आदि ) लाई बीमाको माध्यमबाट हस्तान्तरण गरी बिपद् जोखिम न्यूनीकरण तथा ब्यबस्थापन गर्न सकिन्छ । तथापि यस मार्गदर्शनमा जोखिम हस्तान्तरण अर्न्तगत निर्जिवन विमा मार्फत जोखिम हस्तान्तरण गर्ने विषय समावेश गरिएको छ ।

**६. जोखिम हस्तान्तरणका बिधि तथा प्रकृया**

जोखिम हस्तान्तरणका लागि स्थानीयतहमा कार्यरत बीमा कम्पनिका प्रतिनिधिहरुसंगको छलफलको आधारमा स्थानीयतहले निम्नानुसारको प्रकृयाहरुबाट जोखिमग्रस्त समुदायहरुमा बिद्यमान जोखिमलाई हस्तान्तरण गरिने छ :

१) वडास्तरीय बिपद जोखिम ब्यबस्थापन समितीको सिफारिसमा जोखिममा रहेका स्थान तथा समुदायको पहिचान गर्ने ।

२) समुदायमा बिद्यमान बिपद जोखिमका घटनाहरुको पहिचान गर्ने र विवरण राख्ने ।

३) जोखिमका घटनाहरुको बिवरण अद्यावधिक गरिसकेपछि हस्तान्तरण हुने र हुन नसक्नेखालका जोखिमहरुको एकिन गर्ने ।

४) वडास्तरीय बिपद जोखिम व्यबस्थापन समितीले जोखिममा रहेका समुदाय, संरचना, भौतिक पूर्वाधारहरुको बिवरण नगरपालिकामा बुझाउने ।

५) सम्बन्धित समुदायमा स्थानीय बीमा कम्पनिहरुसंगको समन्वयमा बीमा सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने ।

६) बीमाको आबश्यकता र भूमिकावारे सचेतना अभिबृद्धि गराउने , बीमा सचेतनाकालागि बीमा कम्पनीहरुसंग समन्वयगरी बीमा सम्बन्धी जानकारीमुलक पुस्तिकाहरु, पोस्टरहरु, ब्रोसरहरु प्रकाशन गरी लक्षित समुदायमा उपलब्ध गराउने ।

७ ) अति विपन्न तथा जोखिममा रहेका समुदायकालागि जोखिम हस्तान्तरण कार्यमा नगरपालिकाले भवन वा घरको नक्सापास, सम्पत्ति तथा व्यवसायको आयकर लिने कार्यक्रमहरुसंग तालमेल गरी बीमा गराउने तथा बीमा गर्दा लाग्ने बीमाशुल्कमा केही रकम अनुदान दिने गरी कार्ययोजना सञ्चालन गर्न सकिने छ ।

८) स्थानीयतहबाट कृषकहरुलाई अनुदान सहुलियतमा बितरण गरिने पशुहरु, बिभिन्न खेतीवालीका कार्यक्रमहरुमा पनि बीमा गराउन प्रोत्साहन गर्ने ।

९) स्थानीयतहमा बिद्यमान भौतिक सम्पत्ति, विकास निर्माण कार्य तथा मानव जीवनसंग सम्बन्धित लक्षित समुहका जोखिमहरुलाई बीमाको मुलधारमा समाबेश गराउने ।

१०) नेपाल सरकारबाट गरिवी पहिचानको लागि गरिएको सर्भेक्षणको तथ्यांकका आधार वा सो तथ्यांक प्राप्त भइ नसकेको अवस्थामा रोजगारी, व्यापार ब्यवसाय, बैदेशिक रोजगार, आफ्नै उत्पादन, अपाङ्गता, जोखिम सम्मुखता, सहारा विहिन अवस्था, सुकुम्वाी आधारमा विपन्न घरधुरी पहिचान गरिने छ । अनुसूची १ मा रहेको सूचकको आधारमा नगरपालिकाबाट छनौट गरिएका अति विपन्न र जोखिममा रहेका लाभग्राहीहरुको प्रिमियम नगरपालिकाले भुक्तानी गर्न सक्नेछ । नगरपालिकाले अति विपन्न र जोखिममा रहेका लाभग्राहीहरुको बाँकी आधा प्रिमियम रकम भुक्तानी गर्नको लागि विभिन्न दातृ निकायसँग समन्वय गर्न सक्नेछ । यस बाहेकका घरपरिवारको लागि जोखिम हस्तान्तरण प्रकृयामा सहभागी हुन प्रोत्साहित गरिने छ ।

११) नगरपालिका क्षेत्रमा जोखिम हस्तान्तरण गर्न इच्छुक कम्पनीहरुको प्रतिष्पर्धा गराई बढी सेवा सुविधा उपलब्ध गराउने विमा कम्पनी छनौट गरिने छ । सोही कम्पनीबाट विमा अर्थात जोखिम हस्तानरुण कार्यक्रम सञ्चालन गरिने छ ।

१२) नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रम यसै कार्यक्रमसँग आवद्ध गर्दै लैजाने र नगरपालिकाका जनशक्ति, पदाधिकारी र कर्मचारीहरुलाई जोखिम हस्तान्तरण कार्यक्रममा सहभागी गराउन प्रोत्साहित गरिने छ ।

अनुसूची १

अति विपन्न परिवार पहिचानका आधारहरु

भीमेश्वर नगरपालिका, वडा नं ... , टोल :

मिति :

| क. सं. | घरमुलीको नाम | रोजगारी नभएका (८) | बन्द व्यारमा स)लग्न नभएका (५) | बैदेशिक रोजगारमा नभएका (५) | तीन महिना सम्म खान पुग्ने (१०) | अपाताक १८ ख १५ ग १० घ ५ (१८) | बहुप्रकोप जोखिमः भूकम्प, पहिरो र आगलागी १५ तीन मध्ये कुनै दुईः १० तीन मध्ये कुनै एकः ५ (१५) | संरक्षण विहिन बालबालिका र जेष्ठ नागरिक आमा बुबा दुबै नभएको वा छोरा छोरी नभएकोः १५ आमा वा बुवामध्ये एक नभएकोः १० (१५) | विपन्न एकल महिला (१२) | सुकुम्वासी घर परिवार (१२) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |

**मूल्यांकनकर्ताको**

नाम :

पद :

हस्ताक्षर :

**प्रमाणित गर्नेको**

नाम :

पद :

हस्ताक्षर :